हलेसी तुवाचुङ नगरपालिका

दुर्छिम, खोटाङ
कोशी प्रदेश
नेपाल

स्थानीय राजपत्र

खण्डः १० संख्याः १ मितिः २०८३/०३/०९

भाग-२

फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८३

हलेसी तुवाचुङ नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८३

प्रमाणिकरण मिति: २०८३/०३/०७

प्रस्तावना: हलेसी तुवाचुङ नगरपालिका क्षेत्रभित्र सार्वजनिक तथा नीजि क्षेत्र, धार्मिक तथा पर्यटकीय क्षेत्र एंवम् ग्रामिण क्षेत्रमा समेत फोहोरमैलाको उत्पादनमा बढोत्तरी भएकाले फोहोर व्यवस्थापन तथा सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गर्न, फोहोरमैला व्यवस्थापनमा नागरिक समाजको संलग्नता स्थापित गर्न, फोहोर संकलन देखि व्यवस्थापनसम्मका कार्यहरु गर्न, फोहोरको वर्गीकरण उपयुक्त र प्रभावकारी तवरले गर्न, फोहोरमैलालाई स्रोतमा न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी नगरपालिका क्षेत्रभित्र फोहरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एंवम् वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ, स्वस्थ र मनोरम वातावरण कायम गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: १) यस कार्यविधिको नाम हलेसी तुवाचुङ नगरपालिकाको "फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

२) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यालय" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको कार्यालय सम्झनु पर्छ।

ख) "कार्यपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले हलेसी तुवाचुङ नगरपालिकालाई सम्झनु पर्छ।

घ) "समिति" भन्नाले फोहोरमैला व्यवस्थापन समिति सम्झनु पर्छ।

ङ) "निष्काशन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ।

च) "संकलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहोरमैला संकलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्दछ र घरघरमा फोहोरमैला संकलन गर्न आउने नगरपालिकाले तोकेको फोहोरमैला संकलक वा फोहोरमैला संकलन गर्ने साधन समेतलाई जनाउँछ।

छ) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनाधिकृत सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ।

ज) "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्दछ।

झ) "फोहोरमैला व्यवस्थापन केन्द्र" भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको स्थल सम्झनुपर्दछ।

ट) "सार्वजनिक नीजि क्षेत्र साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (नगरपालिका) र नीजि क्षेत्रका बीचमा कुनै काम गर्ने सम्बन्धमा कानुन बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ।

परिच्छेद - २
फोहोरमैला व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. समितिको गठन: (१) नगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिकामा देहाय बमोजिमको समिति गठन गरिने छ।

क) नगरप्रमुख	- संयोजक
ख) नगरउपप्रमुख	- सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत	- सदस्य
घ) कार्यपालिका सदस्य मध्ये १ महिला सहित ३ जना	- सदस्य
ङ) वन तथा वातावरण समिति संयोजक	- सदस्य
च) पूर्वाधार विकास शाखा प्रमुख	- सदस्य
छ) स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि	- सदस्य
ज) वातावरण संरक्षण तथा सरसफाईका क्षेत्रमा कार्यरत समितिले तोकेको गैरसरकारी संस्थाका प्रतिनिधि १ जना	- सदस्य
झ) फोहोरमैला व्यवस्थापन प्रभावित क्षेत्रका बासिन्दा १ महिला सहित २ जना	- सदस्य
ञ) वातावरण तथा सरसफाई शाखा प्रमुख	- सदस्य-सचिव

(२) समितिको बैठक सामान्यत: महिनामा एक पटक बस्ने छ। आवश्यकता अनुसार व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बस्न सक्नेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः

(क) फोहोरमैला व्यवस्थापनका लागी आवधिक तथा वार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समिक्षा गर्ने।

(ख) फोहोरमैला व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यका लागि अभियान र चेतानामूलक कार्यक्रम तर्जुमा गर्ने।

(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने।

(घ) नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाइयुक्त क्षेत्र बनाउन वडास्तर र नगरस्तरबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने।

(ङ) फोहोरलाई श्रोत मै वर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने।

(च) वर्गीकृत फोहोर मध्ये अर्गानिक फोहोरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहोरबाट हस्तकला सामग्री तथा अन्य प्रकृतिका फोहोरलाई कम तीन आर (3R= Reduse, Resuse and Recycle) को अवधारण अनुसार व्यवस्थापन गर्ने।

(छ) फोहोर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारण अनुसार कार्य गर्ने।

(ज) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा वैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने।

(झ) फोहोर व्यवस्थापनमा गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने।

(ञ) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, श्रोतको व्यवस्थापन गर्ने।

(ट) फोहोरमैला व्यवस्थापनका लागी आवश्यक पर्ने स्रोत, साधन र जनशक्ति व्यवस्था गर्ने।

(ठ) फोहोरमैला व्यवस्थापन तथा सरसफाईमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न राजश्व परामर्श समितिलाई राय दिने ।

(ड) ल्याडफिल साइटलाई प्रदूषणशून्य बनाउने, त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ढ) जैविक फोहारबाट उर्जा, कम्पोष्ट, बायोग्याँस एंवम् मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(ण) फोहोरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन, कानुन तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(त) फोहोरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने ।

(थ) फोहोर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(द) फोहोरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकरात्मक असर न्यूनीकरणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(ध) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त वातावरणसँग संम्बन्धित अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

(न) नेपाल सरकारको स्वीकृत लिई फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तराष्ट्रिय संघ, संस्थाहरुसँग समन्वय कायम गर्ने ।

(प) फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने जनशक्तिको व्यवस्थापन गर्न वडा तहसँग समन्वय गर्ने ।

परिच्छेद - ३

फोहोरमैला उत्पादन, ढुवानी तथा व्यवस्थापन सम्बन्धी व्यवस्था:

५. फोहोरमैला कम उत्पादन गर्ने: (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा सकभर कमभन्दा कम फोहोर उत्पादन हुने गरी काम गर्नु पर्दछ ।

(२) आफ्नो क्षेत्रभित्र बिर्सजन हुन सक्ने फोहोरमैला बिर्सजन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउने प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरणः आफ्नो क्षेत्र भन्नाले निजी घर कम्पाउड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

६. फाहोरमैला ढुवानी व्यवस्थापनः (१) नगरपालिका भित्र उत्पादन भएको फोहोरमैलाको संकलन गरी व्यवस्थापन केन्द्रसम्म लैजानको लागी आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था नगरपालिकाले मिलाउने छ ।

तर नगरपालिकाले तोके बमोजिमको पृथ्कीकरण नगरिएको नगरवासीको फोहोरको संकलन र ढुवानी गर्नका लागी नगरपालिका बाध्य हुने छैन ।

(२) नियम (१) बमोजिमको फोहोर संकलन र ढुवानी गर्दा पृथकिकरण गरिएको फोहोर पृथकपृथक समय र मितिमा अलग-अलग रुपमा गरिने छ ।

७. फोहोरमैला व्यवस्थापन केन्द्रः (१) नगरपालिका भित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यक पर्ने फोहोरमैला व्यवस्थापन केन्द्र नगरपालिका क्षेत्रभित्र रहेका उपयुक्त स्थानमा गर्ने व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम फोहोरमैला व्यवस्थापन लागि आवश्यक पर्ने जग्गा नगरपालिकाले खरिद गरेको वा भाडामा लिई व्यवस्था गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम नगपालिकाले फोहोरमैला व्यवस्थापन केन्द्र नगरक्षेत्र व्यवस्थापन अनुसार एक वा एकभन्दा बढी स्थानमा तोक्न सक्नेछ ।

(४) फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्था गर्दा सकेसम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिक र वातावरणीय प्रभाव न्यूनिकरण गर्ने उपायको अवलम्बन गर्ने गरी व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्नु पर्नेछ ।

(५) तोकिएको फोहोरमैला व्यवस्थापन केन्द्रमा काम गर्ने जनशक्तिको नियुक्ति र फोहोरमैला व्यवस्थापन केन्द्रबाट हुने लाभको वितरण गर्दा सम्बन्धित क्षेत्रका बासिन्दा र क्षेत्रलाई पहिलो प्राथामिकता दिइने छ ।

(६) फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्दा आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा गर्न सकिने छ ।

(७) फोहोरमैला केन्द्र वरिपरिको क्षेत्रमा वातावरणीय प्रभावलाई न्यूनीकरण गर्नका लागि मानव तथा पशुपन्छीको अनाधिकृत प्रवेश वा ढुङ्गा, गिट्टी, वालुवाको उत्खननलाई आवश्यकता अनुसार प्रतिबन्ध लगाउन सकिने छ ।

(८) फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन लगायतका कार्य गर्नका लागी निजी क्षेत्रबाट माग भएमा वातावरणीय प्रभाव र प्रचलित कानुनको अधिनमा रहि नगरपालिकाले अनुमति दिन सक्नेछ ।

(९) नगरपालिकाले तोकेको फोहार मैला व्यवस्थापन केन्द्रको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाई नगरपालिकाको आर्थिक क्षमताको आधारमा क्रमशः अगाडि बढाउने छ ।

(१०) नगरपालिकाले फोहोरमैला व्यवस्थापनको लागी तोकिएको स्थानमा फोहोरमैला व्यवस्थापन गर्दा सम्बन्धित क्षेत्रको बासिन्दाहरुको आवश्यकता, सल्लाह, सुझाव, सहभागिता र समन्वयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(११) फोहोरमैला व्यवस्थापन केन्द्रमा संकलन गरिएको फोहोरमैलाबाट वातावरणमा प्रतिकुल असर नपर्ने प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा आवश्यक दुर्गन्ध नफैलिने व्यवस्था रहने छ ।

तर निजी क्षेत्रलाई व्यवस्थापन केन्द्रको अनुमति दिएकोमा वातावरणीय मापदण्ड बमोजिम रहे नरहेको विषयमा नगरपालिकाले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

(१२) कार्यालयबाट अनुमती नलिई कुनै पनि व्यक्ति, संस्था वा निकाय फोहोरमैला व्यवस्थापन केन्द्रमा प्रवेश गर्न वा फोहोरमैला बिसर्जन गर्न सक्ने छैन । अनुमति नलिई फोहोरमैला व्यवस्थापन स्थलमा प्रवेश गरेको पाईएमा वा पुष्टी भएमा प्रत्येक पटकको रु. १,०००।– जरिवाना गरिनेछ ।

परिच्छेद - ४

फोहोरमैलाको पृथकीकरण र निष्काशन सम्बन्धी व्यवस्था

८. फोहोरमैलाको पृथकीकरणः (१) नगरपालिकाले फोहोरमैलालाई कम्तिमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोत मै छुट्याउने गरी तोक्ने छ ।

(२) उपनियम (१) बमोजिम नगरपालिकाले तोकिदिए अनुसार फोहोरमैलालाई स्रोत मै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकासँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्ने सक्नेछ ।

९. फोहोरमैलाको निष्काशनः (१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालिका वा सम्बन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ । यसरी निर्धारण गर्दा सम्बन्धित टोल विकास संस्थासँग समन्वय गरिने छ ।

(२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनः प्रयोगमा आउने फोहोरमैलामा मिसाउन पाइने छैन।

परिच्छेद - ५

सेवा शुल्क, सेवा निलम्बन वा अन्त्य सम्बन्धी व्यवस्था

१०. सेवा शुल्क उठाउन सक्ने: (१) नगरपालिका वा सम्बन्धित वडाले फोहोरमैला व्यवस्थापन गरे बापत नगरपालिकाको आर्थिक ऐन अनुसार सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउने छ।

(२) उपनियम (१) बमोजिम शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिम अन्य कुराहरुको आधारमा नगरपालिका वा सम्बन्धित वडाले गर्नेछ।

(३) उपनियम (१) बमोजिमको शुल्क नगरपालिका वा सम्बन्धित वडा आफैले वा तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ।

(४) यस उपनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १५ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिका वा सम्बन्धित वडासँग भएको सहमतिको आधारमा फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ। तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिन सकिने छ।

(५) यस उपनियम बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले सञ्चित कोषमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रहि फोहोरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नेछ।

११. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने: (१) नगरपालिकाले तोकिएको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी र नगरपालिका वा सम्बन्धित वडाबाट उपलब्ध हुने विद्युत, टेलिफोन, जग्गाको कारोबार लगायत अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको नियम ८ को उपनियम (४) बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जनाकारी नगरपालिका वा सम्बन्धित वडामा दिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ।

(४) सेवाग्राहीले नियम ८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निजको एकीकृत सम्पत्ति कर वा व्यवसाय कर खातामा प्रविष्टि गरी सेवा शुल्क असुल गरिने छ।

(५) सेवाग्राहीले नियम ८ बमोजिम बुझाउनु पर्ने शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिने छ।

परिच्छेद - ६

फोहोरमैला व्यवस्थापनमा नीजि, साझेदारी तथा खुला प्रतिस्पर्धा सम्बन्धी व्यवस्था:

१२. निजी क्षेत्रसँगको सहकार्यमा फोहोर मैलाको व्यवस्थापन गर्न सकिने: (१) यस कार्यविधि बमोजिम उत्पादन हुने फोहोर पृथकीकरण गर्न, पृथकीकरण गरिएको फोहोरमैला संकलन गरी नगरपालिकाले तोके बमोजिमको व्यवस्थापन केन्द्रमा फोहोर लैजान, नगर सभाले तोके बमोजिम फोहोरमैला व्यवस्थापनका लागी आवश्यक जनचेतना लगायतका कार्यक्रमको संचालन निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिने छ।

(२) उपनियम (१) बमोजिम सहकार्य गर्दा कुन संस्थासँग के कति समयका लागि कुन कार्य के कसरी गर्ने लगायतका स्पष्ट शर्तहरु तयार गरी अनुसूची २ बमोजिम नगरपालिका र सम्बन्धित संस्थासँग सिधै सम्झौता गरी वा प्रतिस्पर्धाको आधारमा गर्न सकिने छ।

१३. सार्वजनिक नीजि साझेदारी/खुला प्रतिस्पर्धा सम्बन्धी व्यवस्था: (१) नगरको फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले सार्वजनिक नीजि साझेदारी वा खुला प्रतिस्पर्धाको अवधारणामा कार्य गर्न गराउन सक्नेछ।

(२) फोहोरमैला व्यवस्थापन गर्न चाहने कम्पनी संस्था वा निकायहरुले नगरपालिकाबाट प्रकाशित सूचना अनुरुप बोलपत्र पेश गर्नुपर्नेछ। नगरपालिकाले सूचना प्रकाशन गर्दा प्रस्तावकहरुबाट छुट्टा-छुट्टै प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव माग गरी सो को आधारमा प्रस्ताव मुल्याङ्कन गर्नु पर्नेछ।

(३) प्राप्त प्रस्तावहरुको प्राविधिक मुल्याङ्कन गरी प्राविधिक मुल्याङ्कनमा सफल भएका प्रस्तावकहरुको मात्र आर्थिक प्रस्ताव मुल्याङ्कन गरी उपयुक्त देखिएको प्रस्तावकको बोलपत्र स्वीकृत गर्न सक्नेछ।

(४) फाहोर गर्नेले नै सफा गर्नुपर्छ, त्यसको मुल्य तिर्नुपर्छ भन्ने मान्यतामा आधारित भई नगरपालिकाको शून्य खर्चमा फोहोरमैला व्यवस्थापन हुने सिद्धान्तको आधारमा न्यूनतम कवोल अंक शून्य राखिनेछ।

(५) सम्भावित प्रस्तावकहरुबाट कार्यालयले बोलपत्र माग गर्दा बोलपत्र जमानत वापत कम्तीमा रु. २,००,०००।– (अक्षरुपी रु. दुई लाख मात्र) माग गर्नुपर्नेछ।

(६) स्वीकृत प्रस्तावकसँग कार्यालयले सम्झौता गर्नु अगावै कार्यसम्पादन जमानत वापत कम्तीमा रु. १०,००,०००।– (अक्षरुपी रु. दश लाख मात्र) माग गर्नुपर्नेछ।

(७) फोहोरमैला व्यवस्थापनका लागि बोलपत्र आह्वान गर्दा एक आर्थिक वर्षको लागि गर्नुपर्नेछ। स्वीकृत साझेदार संस्था/प्रस्तावकको कार्य सन्तोषजनक देखिएमा पुनः सम्झौता अवधि थप गर्न सकिनेछ।

(८) यसरी नीजि क्षेत्रबाट फोहोरमैला व्यवस्थापन सम्वन्धि कार्य गर्दा गराउँदा फोहोरमैला व्यवस्थापन ऐन, २०६८, नियमावली, २०७० र अन्य प्रचलित नेपाल कानुन, प्रदेश कानून र स्थानीय कानून बमोजिम हुनेछ।

(९) स्थानीय सामुदायिक संस्था, टोल विकास संस्था, गैरसरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा स्थानीय संघ-संस्थाहरुलाई फोहोरमैला व्यवस्थापनका लागि नगरपालिका भित्र नीजि क्षेत्रको रुपमा लिन सकिनेछ।

(१०) विभिन्न क्षेत्रमा फरक-फरक नीजि क्षेत्र परिचालन भएको अवस्थामा सवैको कार्य प्रति एक रुपता ल्याउनको लागि सवै साझेदारहरुको संलग्नतामा नगरस्तरीय वातावरण तथा विपद व्यवस्थापन समिति तथा वातावरण संरक्षण समिति मार्फत सार्वजनिक नीजि साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था कार्यालयले मिलाउन सक्नेछ।

परिच्छेद - ६

फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था:

१४. फोहोरमैला व्यवस्थापनको अनुगमन: (१) समितिले फोहोरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्ने वा गराउनेछ।

(२) अनुगमन गर्दा समितिले आवश्यक कार्य योजना बनाई लागु गर्नेछ।

(३) अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात सोको प्रतिवेदन नगरपालिका समक्ष दिनुपर्नेछ।

(४) प्राप्त प्रतिवेदनमा औल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

(५) समितिले अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कार्यादेश दिन सक्नेछ।

१५. फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्र सम्बन्धी व्यवस्था: (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरणीय संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

(२) नगरपालिकाले मुलत: देहायका क्षेत्रमा स्थानीय समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गर्नेछ,

अ) सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाई र वातावरण संरक्षण

आ) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन

इ) प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक रुपले पिछडिएका विपन्न वर्गको उत्थान तथा विकासका लागि आवश्यक कार्यक्रम

परिच्छेद - ७

फोहोरमैला बिक्री, दण्ड सजाय सम्बन्धी व्यवस्था:

१६. फोहोर मैला बिक्री विवरण: (१) नगरपालिकाले फोहोर व्यवस्थापन केन्द्रमा संकलन गरेको फोहोरलाई नियमित रुपमा बिक्री वितरण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बिक्री वितरण गर्न फोहोरको वर्गीकरण गरी त्यसको न्यूनत्तम मुल्य नगरपालिकाद्वारा निर्धारण गरे बमोजिम हुनेछ ।

(५) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन हुने भएमा त्यस्तो निजी क्षेत्रले नगर सभा वा नगर सभाबाट प्राप्त अख्तियारी बमोजिम नगर कार्यपालिकाबाट तोकिए बमोजिम शुल्क उठाउन सक्नेछ । त्यस्तो शुल्क वापत प्राप्त हुन आएको आम्दानी वितरण र लागत साझेदारी प्रक्रिया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१७. दण्ड सजाय: (१) नगरपालिकाले तोकि दिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ब्यक्तिलाई पहिलो पटक भए ५ हजारसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा ५ हजारदेखि १० हजारसम्म, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि १५ हजारका दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।

(२) कन्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्नेलाई नगरपालिकाले ५ सयदेखि ५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(३) फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थलबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउनेलाई नगरपालिकाले १५ हजारदेखि ५० हजारसम्म जरिवाना गरी कन्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ ।

(४) घर, कम्पाउन्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेलाई नगरपालिकाले ५ हजारदेखि १५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(५) फोहोरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदुषित गराउनेलाई नगरपालिकाले ५ हजारदेखि १५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(६) मरेको पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्नेलाई नगरपालिकाले ५ हजारदेखि १५ हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(७) नगरपालिकाले तोकेको स्थान बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्नेलाई नगरपालिकाले ३० हजारदेखि ५० हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(८) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्नेलाई नगरपालिकाले ५० हजारदेखि १ लाखसम्म जरिवाना गर्न सक्नेछ। सोही कसूर पुन: गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(९) फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्नेलाई प्रचलित कानून बमोजिम दण्ड र जरिवाना गर्न सकिनेछ।

(१०) स्रोतमै फोहोरमैला पृथकीकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्नेलाई नगरपालिकाले प्रत्येक पटक ५ सय रुपैया जरिवाना गर्न सक्नेछ।

परिच्छेद - ८

विविध

१८. विविध: (१) यस कार्यविधि लागू हुनुभन्दा अगाडि फोहोरमैला व्यवस्थापन सम्बन्धी भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची- १
सम्झौता पत्रको नमूना

यस हलेसी तुवाचुङ नगरपालिका, नगरपालिकाको कार्यालय, दुर्छिम, खोटाङ (यस पछि पहिलो पक्ष भनिने) र श्री ....(यस पछि दोस्रो पक्ष भनिने) बीच मिति .... गते यस हलेसी तुवाचुङ नगरपालिकाको आ.व. .... फोहोरमैला व्यवस्थापन तथा फोहोरमैला शुल्क संकलनका सम्बन्धमा तपसिलका शर्त तथा बन्देज पालना गर्न दुबै पक्ष सहमत भइ सम्झौता गरि एक/एक प्रति लियौं/दियौं ।

शर्त तथा बन्देजः-

१. सम्झौता अवधि मिति .... देखि .... सम्म हुनेछ र दोस्रो पक्षले मिति .... देखि नै कार्यसञ्चालन गर्नुपर्नेछ ।

२. दोस्रो पक्षको कार्यसम्पादन सन्तोषजनक भएमा सम्झौताको समयावधि पुन: १ वर्षका दरले थप गर्दै जान सकिनेछ । दोस्रो पक्षको कार्य सम्पादन सन्तोषजनक नभएमा प्रथम पक्षले एक महिना पूर्व जानकारी दिई सम्झौता रद्द गर्न सक्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्ने वार्षिक कबोल रकम रु. .... (अक्षरुपी रु. .... मात्र) (भ्याट बाहेक) तीन किस्तामा बुझाउनुपर्नेछ । प्रथम किस्ता बापत कुल कबोल रकमको १० प्रतिशत सम्झौता अबधिमा, दोस्रो किस्ता बापत कुल कबोल रकमको ४० प्रतिशत फाल्गुन मसान्त भित्र र अन्तिम किस्ता बापत कुल कबोल रकमको ५० प्रतिशत जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ ।

४. दोस्रो पक्षले दैनिक रुपमा संकलित फोहोरलाई कुहिने र नकुहिने गरी विभाजन गर्ने र त्यसरी विभाजन गरिसके पछि,

   - कुहिनेको हकमा: तत्काल कम्पोष्ट मल बनाई व्यवसायिक रुपमा नै विक्री वितरण गर्न सक्ने र दीर्घकालिन रुपमा घरघरै कम्पोष्ट मल बनाउन सिकाई प्रयोगमा ल्याउन प्रेरित गरी घरबाटै कुहिने फोहर ननिस्कने वातावरण मिलाउनु पर्नेछ ।
   - नकुहिनेको हकमा: तत्काल पुनः प्रयोगमा आउने खालका सामानहरु विक्री वितरण गर्न सक्ने र दीर्घकालिन समयमा वा प्रशोधन पश्चात प्रयोगमा आउन सक्ने घरमै छुट्टाएको नकुहिने फोहर सम्बन्धित घरबाट खरिद गरी संकलन गर्ने र त्यसलाई एक मुष्ट रुपमा विक्री वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने खालको हुनु पर्नेछ ।
   - यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुट्टाईसके पछि पनि कतै प्रयोग नहुने केही बाँकी फोहोरलाई प्रस्तावकले नगरपालिकाको ल्याण्डफिल्ड साईट वा तोकेको क्षेत्रमा लगि वातावरणमा नकारात्मक असर नपर्ने गरी व्यवस्थापन गर्नु पर्नेछ । सो कार्यको नगर कार्यपालिकाको कार्यालयले निरन्तर अनुगमन गर्नेछ ।

५. प्रथम पक्षले फोहर व्यवस्थापन गर्न प्रयोग गर्दै आएको .... जना जनशक्ति दोस्रो पक्षले प्रयोग गर्नुपर्नेछ । सम्झौता पश्चात प्रथम पक्षको जनशक्ति व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ, प्रथम पक्षले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै सम्झौता भएको ३ महिना पश्चात निजहरुको कार्य सम्पादन मुल्याङ्कन गरी उपयुक्त कार्यमा लगाउने नलगाउने सम्बन्धमा निर्णय गर्ने अधिकार दोस्रो पक्षलाई हुनेछ ।

६. प्रथम पक्षको स्वामित्वमा रहि फोहोरमैला संकलन कार्यमा प्रयोग हुँदै आइरहेको सवारी साधनहरु ट्रयाक्टर .... थान र ट्रिप्पर .... थान मिति .... सम्म दोस्रो पक्षलाई मासिक रु. ..../– भाडा दर (नगरपालिकाले हाल भाडामा लिदै आएको ट्रयाक्टरलाई उपलब्ध गराएको भाडा बराबर) मा उपलब्ध गराउनेछ ।

उक्त सवारी साधनहरुको मर्मतसम्भार खर्च, इन्धन खर्च र सवारी चालक प्रथम पक्षले व्यहोर्ने छ। अन्य जनशक्तिको व्यवस्था दोस्रो पक्षले गर्नुपर्नेछ।

७. ल्याण्डफिल साइटमा फोहोरमैला व्यवस्थित गर्न ब्याक हो लोडर प्रयोग गर्नुपरेमा दोस्रो पक्षले इन्धन खर्च व्यहोर्ने गरी प्रथम पक्षले आफ्नो स्वामित्वमा रहेको ब्याक हो लोडर निःशुल्क उपलब्ध गराउनेछ।

८. प्रथम पक्षबाट प्रयोग हुँदै आएको फोहोर संकलन प्रशोधन केन्द्र र फोहोरमैला व्यवस्थापन केन्द्र सम्झौता अवधिभर दोस्रो पक्षले प्रयोग गर्न सक्नेछ। सम्झौता अवधिभर सामान्य मर्मत सम्भारको दायित्व दोस्रो पक्षको हुनेछ।

९. सम्झौता अवधिको शुरुवातमा फोहोर व्यवस्थापन गर्न आवश्यक पर्ने न्यूनतम व्यवस्थापकीय आवश्यकता पूरा गर्न र समुदायमा जनचेतना जगाउन प्रथम पक्षले सहजीकरण गर्नेछ र दोस्रो पक्षले तालिम सञ्चालन गर्नु पर्नेछ।

१०. फोहोर व्यवस्थापन केन्द्रको व्यवस्थापनका लागि आवश्यक पर्ने अन्य जनशक्ति दोस्रो पक्षले नै व्यवस्थापन गर्नुपर्नेछ, प्रथम पक्षले दोस्रो पक्षलाई बोलाएको बेला उपस्थित भई व्यवस्थापन सम्बन्धि गतिविधिको जानकारी गराउनु पर्नेछ।

११. फोहोरजन्य वस्तुहरुको विक्रीबाट हुने आम्दानीमा प्रथम पक्षले कुनै दावी गर्ने छैन।

१२. प्रथम पक्षले कुनै आर्थिक तथा भौतिक श्रोत साधनहरु उपलब्ध गराउन आवश्यक देखिएमा कार्यक्रमको प्रकृति हेरी औचित्य पुष्टि भएमा हलेसी तुवाचुङ नगरपालिका अन्तर्गत गठित फोहोरमैला व्यवस्थापन समितिको सिफारिसमा प्रथम पक्षले निर्णय लिन सक्नेछ।

१३. नगरपालिकाको नगर सभाले फोहोरमैला संकलन शुल्क बापत घरपरिवार, व्यापार व्यवसाय, उद्योगको लागि तोकेको तपसिलबमोजिमको शुल्क दोस्रो पक्षले मासिक रुपमा संकलन गर्नु पर्नेछ। शुल्क संकलन गर्दा प्रथम पक्षबाट उपलब्ध गराएको रसिद मात्र प्रयोग गर्नुपर्नेछ।

१४. आ.व. .... को सरसफाइ सेवा शुल्कको मासिक दररेट नगर सभा/नगर सभाको प्रत्यायोजित अधिकार बमोजिम नगर कार्यपालिकाले तोके बमोजिम हुने।

१५. दोस्रो पक्षले फोहोरमैला संकलन गर्दा नगरपालिका क्षेत्रभित्रका स्थानहरुमा तपसिल बमोजिमको तालिका अनुसारको फोहोर संकलन गर्नुपर्नेछ। साथै राजमार्ग क्षेत्र र मुख्य सडक सफा र सुन्दर राख्ने जिम्मेवारी समेत दोस्रो पक्षको हुनेछ।

१६. प्रथम पक्ष र दोस्रो पक्षलाई आवश्यकता महसुस भएको फोहोरमैला संकलन केन्द्रसम्म जाने पूर्वाधार, ल्याण्डफिल साइट एवं आवश्यक अन्य संरचना (विद्युत् लगायत) को निर्माण/मर्मत सम्भार प्रथम पक्षले गर्न सक्नेछ। तर, संरचना निर्माण/मर्मत सम्भार गर्ने गरी बजेट विनियोजन गर्ने र योजना कार्यान्वयन गर्ने अन्तिम अधिकार प्रथम पक्षलाइ हुनेछ।

१७. फोहोरमैला संकलन तथा व्यवस्थापन सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा समस्याको समाधानका लागि प्रथम पक्ष र दोस्रो पक्षले छुट्टा छुट्टै वा संयुक्त रुपमा पहल गर्न सकिनेछ।

१८. फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यको प्रथम पक्षबाट निरन्तर रुपमा अनुगमन हुनेछ। फोहरमैला संकलन तथा व्यवस्थापन सन्दर्भमा प्रथम पक्षबाट जारी भएका निर्देशन दोस्रो पक्षले पालना गर्नुपर्नेछ।

१९. फोहोरमैला संकलन प्रशोधन केन्द्रको लागि प्रथम पक्षले तोकेको जग्गा वा क्षेत्र बाहेक अन्यत्र प्रयोग पाईने छैन। तर दोस्रो पक्ष आफैले जग्गा व्यवस्थापन गरी पायक स्थानमा प्रयोग गर्न चाहेमा त्यसो गर्न सक्नेछ। त्यसरी प्रयोग गरे वापत आउन सक्ने वातावरणीय लगायत अन्य समस्याको जवाफदेही भने स्वयम् दोस्रो पक्ष नै हुनेछ।

२०. नेपाल सरकार वा नगरपालिकाको नीति, नियममा संशोधन भई ठेक्का सञ्चालनमा अवरोध हुन जाने अवस्था आएमा प्रथम पक्षले ठेक्का रद्द गरी सञ्चालन भएको अवधिसम्मको दामासाहीले हुने रकमलाई ठेक्का अंक कायम गर्नेछ । सोहि बमोजिम हरहिसाब फरफारक गरिनेछ । तर दास्रो पक्षका कारण ठेक्का रद्द गर्नु पर्ने अवस्था आएमा यो बुँदा आकर्षित हुने छैन । कुनै तेश्रो पक्षको हस्तक्षेप वा असहयोगको कारणले ठेक्का व्यवस्थापन गर्न नसकिने अवस्था उत्पन्न भएमा नगर कार्यपालिकाको अनुमतिमा ठेक्का रद्द गर्न गरिनेछ ।

२१. सम्झौतामा उल्लेखित विषय वा अन्य कुनै विषयमा कुनै विवाद/समस्या उत्पन्न भएमा आपसी छलफलद्धारा दुवै पक्षको सहमतीमा टुंगाईनेछ । कुनै बिषयमा सहमति हुन नसकेमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ ।

२२. नेपाल सरकार र प्रथम पक्षको नीति निर्देशनमा रहि ठेक्का सञ्चालन गर्नु पर्नेछ । सो विपरित कार्य गरी प्रथम पक्ष वा अन्य कुनै पक्षलाई कुनै हानि नोक्सानी भएमा हानी नोक्सानीको विगो बराबरको रकम दोस्रो पक्षबाट प्रथम पक्षले असुल उपर गर्न सक्नेछ साथै बारम्बार दोहोऱ्याएमा सम्झौता समेत तोड्न सक्नेछ ।

२३. सम्झौतामा उल्लेख भएको शर्तहरु सोही अनुसार र सम्झौतामा उल्लेख नभएका विषयहरुमा प्रचलित कानून अनुसार हुनेछ ।

२४. नगरपालिकाको नीति, निर्देशन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, आर्थिक कार्यविधि ऐन तथा नियमावली, २०६४ र अन्य प्रचलित कानुनको पूर्ण पालन गर्ने दायित्व दुबै पक्षको हुनेछ ।

प्रथम पक्ष
दस्तखत: ....
नाम:
पद:
ठेगाना:

दोश्रो पक्ष
दस्तखत: ....
नाम:
पद:
ठेगाना:

प्रमुख प्रशासकीय अधिकृत
मितिः- २०८३/०३/०७